# मकवानपुरमा डेढ लाख बाख्रालाई पीपीआर खोप

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारको कृषि तथा पशुपक्षी विकास मन्त्रालयले भेडाबाखाका लागि सञ्चालन गरेको सप्ताहव्यापी पीपीआर खोप अभियान सम्पन्न भएको छ । बुधबार सम्पन्न अभियानमा मकवानपुरमा १ लाख ५१ हजार बाख्रामा पीपीआर खोप लगाइएको छ ।

मकवानपुरमा खोपको उपलब्धताभन्दा कम बाख्रामा खोप लगाइएको हो । मन्त्रालयले भेडाबाख्रामा लाग्ने पीपीआर रोग नियन्त्रण र रोकथामका लागि भन्दै यसपटक मकवानपुरमा २ लाख ८ हजार खोप उपलब्ध गराएको थियो । उपलब्ध खोपभन्दा ५७ हजार कमको संख्यामा खोप लगाइएको हो ।

पशु सेवा कार्यालय मकवानपुरका सूचना अधिकारी विजय पौडेलका अनुसार मन्त्रालयले सञ्चालन गरेको खोप अभियान सम्पन्न भए पनि मकवानपुरमा अझै पनि खोप लगाइरहेको छ । अभियानअन्तर्गत् सबैभन्दा बढी हेटौंडामा खोप लगाइएको उहाँले बताउनुभयो । हेटौंडामा २४ हजार ८९ बाख्रालाई खोप लगाइएको छ ।

जिल्लाको इन्द्रसरोवर गाउँपालिकामा २२ हजार ४ सय २०, राक्सिराङमा २० हजार, कैलाशमा १७ हजार, भीमफेदीमा १३ हजार, बागमतीमा १२ हजार १ सय ४४, थाहा नगरपालिकामा १२ हजार २ सय ६, बकैयामा ११ हजार, मकवानपुरगढीमा १० हजार र मनहरी गाउँपालिकामा ७ हजार २ सय ९७ बाख्रामा खोप लगाएको छ । अभियानअन्तर्गत् मकवानपुरमा ७० जना भ्याक्सिनेटर खटिएका थिए ।

प्रदेशको अभियानमा १५ लाख भेडाबाख्रलाई खोप लगाउने लक्ष्य रहे पनि ११ लाख ४२ हजार भेडाबाख्रामा मात्र खोप लगाइएको छ । मन्त्रालयका प्रवक्ता अनुप अधिकारीका अनुसार प्रदेशका सबै जिल्लामा खोपको मात्राभन्दा कम संख्यामा खोप लगाइएको छ । सबैभन्दा बढी धादिङ जिल्लामा १ लाख ६० हजार भेडाबाख्रामा खोप लगाइएको छ भने सबैभन्दा कम भक्तपुरमा ९ हजार भेडाबाख्रामा खोप लगाएको छ ।

# जिल्ला बचत संघको '१०१' पुस्तक विमोचन हुँदै

समाज संवाददाता

हेटौंडाः जिल्ला बचत संघ मकवानपुरले तयार पारेको मकवानपुरे '१०१' सहकारी अभियन्ता पुस्तक शुक्रबार सार्वजनिक हुने भएको छ । बिहीबार कार्यालयमा पत्रकार सम्मेलन गर्नुहुँदै संघकी जिल्ला अध्यक्ष कल्पना श्रेष्ठले नारी दिवसको अवसरमा शुक्रबार पुस्तक विमोचन गरिने बताउनुभयो ।

जिल्ला बचत संघले सहकारीको स्थापनाको इतिहास र उपलब्धीहरु समेटिएर पुस्तक तयार पारेको अध्यक्ष श्रेष्ठले बताउनुभयो। पुस्तकले सहकारी इतिहासको सम्मान हुने र वर्तमानमा सहकारी अभियन्ताहरुलाई काम गर्न हौसला मिल्ने बताउनुभयो । जिल्लाभरी सहकारीमा क्रियाशील महिलाहरुको कथा समावेश पुस्तकले सहकारी अभियानमा थप हौसला प्रदान हुने र निराशा कम हुने उहाँको भनाइ छ।

पछिल्लो समय पुस्तक पढ्ने बानी कम भइरहेको बेला पढ्न प्रेरित गराउन पुस्तक तयार पारेको उहाँले बताउनुभयो । पुस्तकमा ५० जना महिला सहकारी अभियन्ताहरुको कथा समेटिएको छ । १ हजार थान छापिएको पुस्तकको खर्च ५ लाख परेको उहाँले बताउनुभयो । पुस्तक बिक्री गरिने र मूल्य ५ सय रुपैयाँ कायम गरिएको उहाँले बताउनुभयो । शुक्रबार भने एक हजार रुपैयाँमा तीनवटा पुस्तक प्रदान गरिने उहाँले बताउनुभयो। पत्रकार सम्मेलनमा संघकी उपाध्यक्ष मीरा चौरेल र सचिव वीरेन्द्र ढुंगानालगायत संघका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

# समुन्नत समाजको...

पाईन्छ । नेपालमा भएको प्रगतिशील कानूनकै कारण महिला र सिमान्तकृत वर्गलाई सामाजिक समावेशिकरणको अधिकारको आधारमा सकारात्मक विभेद गर्दै तिनै तहको सरकारमा निर्वाचित पदहरुमा एक तिहाई भन्दा बढि निर्वाचित हुनु सुखद पक्षको रुपमा रहेको पाईन्छ ।

नयाँ जागरण सहित लैगिंक हिंसा विरुद्ध कृयाशिल पुरुष सहभागीता संजाल (मेन ईगंज एलायन्स) बागमती प्रदेशले गरीखाने वर्ग, उत्पीडित समुदायहरु, महिला, दलित, जनजाती, यौनीक तथा लैगिक अल्पसंख्यक समुदाय लगायतका वर्गलाई अग्रभागमा राखेर खबरदारि गरिरहेको छ । लैगिंक हिंसाको बारेमा कुरा गर्दा महिला नै बढि प्रताडनामा परेको पनि पाईन्छ । बिगत एक दशक देखि मेन ईगेज एलायन्सले लैगिक हिंसा विरुद्धमा आफ्नो लडाई लडिरहेको छ । नारीवादीको पक्षपोषण समेत गरिरहेको छ। नारीवाद सबै लिंगको सामाजिक, न्यायिक र राजनैतिक समानताको वकालत गर्ने सिद्धान्त हो । नारीवादको दुश्मन पुरुषहरु होईनन्, पितृसत्ता हो । र, पितृसत्ता पुरुष होईन, संरचना हो । अनि यो विभेदकारी संरचनाको पृष्ठपोषण स्वयं महिलाले पनि गरिरहेका हुनसक्छन्। पुरुषहरु पनि यो संरचना विरुद्ध लडिरहेका हुन सक्छन् । नेपालमा मेन ईगेंज एलायन्सको माध्यमबाट पुरुषहरु पनि नारीवाद र लैगिंक हिंसा विरुद्धमा संगठित रुपमा कृयाशिल भैरहेका ज्वलन्त उदाहरणहरु छन् ।

अबको संसार उद्यमशिलताको संसार हो । सिमान्तकृत वर्गलाई उत्थान गर्दै लैगिंक हिंसा अन्त्यका लागी प्राविधिक शिक्षा र उद्यमशिलताको माध्यमबाट रुपान्तरण गरिनुपर्दछ। लैगिंक समानताको लागी उद्यमशिलता भन्ने अभियानमा अब हामी लाग्नुको विकल्प छैन । प्राविधिक शिक्षामा जोड दिदै आर्थिक सबलिकरण तर्फ ध्यान केन्द्रित गर्न समेत आवश्यक छ। महिलालाई आर्थिक विकाश गर्ने कार्यमा जोड्न सकियो भने अर्थात महिला वर्गको आर्थिक समृद्धि गर्नका लागी पहुच अभिवृद्धि गर्न सकियो भने लैगिंक विभेदको अन्त्य भई समुन्नत समाजको निर्माण गर्न सकिन्छ भन्ने अवधारणा आएको छ। यहि मान्यता लाई दृष्टिगत गर्दै अवको विकाशको मोडेल तयार गर्ने र लैगिंक मैत्री बजेट निर्माणमा अग्रसर हुन लैगिंक हिंसा विरुद्धको संजाल (मेन ईगेज एलायन्स) बागमती प्रदेश, एटबिन, हामी दाजुभाई लगायतको संस्थाहरुले आव्हान गर्दै संस्थागत रुपमा कृयाशिल भईरहेको पाईन्छ ।

महिलालाई सम्पुर्ण विकाशका कार्यहरुमा सहभागी गराउँदै सहकार्य गर्दै अगाडि बढाउने, महिला सशक्तिकरणका लागी उनिहरुको पहुँच, चेतना, आत्मविश्वास तथा नियन्त्रण बढाउन नागरिक समाज, परिवार र सरकारी तथा गैरसरकारी संस्थाले समन्वयात्मक भुमिका निर्वाह गर्नु पर्ने कार्यमा जोड दिदै अगाडी बढ्न सकेमामात्र लैंगिक विभेदको अन्त्य हुन सक्दछ। महिला पुरुष समविकाशको माध्यमबाट मात्र लैगिंक मैत्री समाज निर्माण गर्दै लैगिंक समानताको परिकल्पना गर्न सकिन्छ ।

महिलाको मानव अधिकारको संरक्षण गर्नु राज्यको उत्तरदायित्व हो । महिलाले आन्दोलन गर्दै उठान गरेका निम्न बिषयहरु जस्तै विभेदपुर्ण कानूनको संशोधन गरौ, समान कामको समान ज्याला होस्, लैगिंक हिंसाको विरोध गरौ, घरेलु कार्यको पनि मूल्यांकन होस्, मेरा जीवनमा मेरो अधिकार हुन पर्छ, महिला पुरुष बराबर, समतामुलक समाजको विकाशमा सकृय सहभागी बनौ भन्ने नारामा पुरुष वर्गको समेत सार्थक सहभाागिता हुँदै अबको समाज समुन्नत समाजमा रुपान्तरण हुनु आजको माग हो । धन्यबाद ।

*(लेखक मेन ईंगेज एलायन्स बागमती प्रदेश एवं अध्यक्ष बाल कल्याण समाज मकवानपुरका अध्यक्ष हुनुहुन्छ ।)*

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## श्री बुद्ध माध्यमिक विद्यालय
**बकैया-३, हात्तिसुँडे, मकवानपुर, बागमती प्रदेश**

## प्राविधिक प्रस्ताव माग सम्बन्धमा

*प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/११/२५ गते*

श्री सरोकारवाला सवै,
जो जससँग सम्बन्धित छ ।

प्रस्तुत विषयमा वाग्मती प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय हेटौडाद्वारा आ.व.२०८०/२०८१ मा प्रदान गरिएको अनुदान कार्यक्रमबाट यस विद्यालयलाई बस खरिद गर्ने प्रक्रियाका लागि मिति २०८०/११/१० मा प्रकाशित सूचनाबमोजिमका शर्तहरु पालना गरी बस उपलब्ध गराउन सक्ने यस विधयालयको मिति २०८०/११/२४ को विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार सूचिकृत भएका तपसिलअनुसारका अधिकृत विक्रेता वा उत्पादकहरुबाट सूचना प्रकाशित भएको ७ (सात)दिनभित्र प्राविधिक प्रस्ताव पेस गर्नुहुन सम्वन्धित सबैमा अनुरोध गरिन्छ ।

**तपसिल**
१.Sipradi Distributer of TATA Vehicles
२.Laxmi Commercial Vehicles Ovt.Ltd.

## नागरिक Nagarik Saving & Credit Co-operative Ltd.
## बचत तथा ऋण सहकारी संस्था लिमिटेड

हेटौंडा-४, मकवानपुर, बागमती प्रदेश, नेपाल
फोन नं.: ०५७-५९००१४
इमेल : nagriksaccos07@gmail.com

### कर्मचारी आवश्यकता सम्बन्धी सुचना

**प्रथम पटक प्रकाशित २०८०/११/२३ गते**

यस नागरिक बचत तथा ऋण सहकारी संस्था लि., हेटौंडा नगरपालिका वडा नं. ४, मकवानपुरलाई तपसिलमा उल्लेखित भए अनुसारको कर्मचारी आवश्यक परेकोले देहाय अनुसारको योग्यता पुगेका नेपाली नागरिकहरूले हस्त लिखित निवेदन बायोडाटा नागरिकता र शैक्षिक योग्यताको प्रमाण-पत्र सहित सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा संस्थाको कार्यालय वा इमेल nagariksaccos07@gmail.com मा आवेदन पेश गर्न सक्नुहनेछ ।

| क्र.सं. | पद | जिम्मेवारी | संख्या | शैक्षिक योग्यता र अनुभव | कैफियत |
|---|---|---|---|---|---|
| १. | सहायक | बजार व्यवस्थापक | १ जना | १०+२ उत्तीर्ण गरेको कम्प्युटर र सहकारी सम्बन्धी ज्ञान भएको | |
| २. | सहायक | क्यासियर | १ जना | १०+२ उत्तीर्ण गरेको कम्प्युटर र सहकारी सम्बन्धी ज्ञान भएको | |
| ५. | प्रशिक्षार्थी सहायक | बजार प्रतिनिधि | ७ जना | कम्तिमा SEE उत्तीर्ण गरेको | |

**नोट :**
१. आवेदन शुल्क सहायकको लागि रू ५००/- र प्रशिक्षार्थी सहायकको लागि रू ४००/- मात्र रहेको छ । सो आवेदन शुल्क संस्थाको रसिद काट्न हुन वा राष्ट्रिय सहकारी बैंकको हेटौंडा शाखाको खाता न. ०१९१४०००७१४ मा दाखिला गर्न सक्नुहुनेछ ।
२. तलब भत्ता र अन्य सुविधा संस्थाको नियम अनुसार ।
३. उमेर हद १८ वर्ष पुरा भई ४० बर्ष ननाघेको ।
४. सम्पर्कका लागि यस नागरिक बचत तथा ऋण सहकारी संस्था लि. हेटौडा वडा नं. ४, सम्पर्क न. ९८५११२३८३७ कार्यालय ०५७-५९००१४ ।

**कर्मचारी पदपुर्ति समिति**
**नागरिक बचत तथा ऋण सहकारी संस्था लि.**

# मकवानपुर बाल विद्या सदन
## हेटौंडा-१८, खड्कुले

## मेरो गुरुमा

धेरै छन् गुरु, धेरै छन् गुरुमा
गुरुबाट नै ज्ञान भएको हो हामीलाई सुरुमा ।
गुरुबाट, गुरुआमाबाट सिक्छौं हामी ध्यान
ध्यानबाट नै पाउँछौ हामीले राम्रो ज्ञान ।

समयमै सुत्छौं हामी समयमै उठ्छौं
पढाई लेखाई ध्यानमा राखी सबै विद्यार्थी जुट्छौं ।
पढ्ने बेला पढ्छौं हामी खेल्ने बेला खेल्छौं
सघाउने बेलामा पनि सबै अघि सर्छौं ।

संसारमै राम्रो पढ्ने विद्यार्थी हौं हामी
संसारमा सबैभन्दा बन्ने छौं हामी नामी ।
आफु अब्बल भएको खुशी गुरुदक्षिणा चढाई
भुल्नुहुन्न कहिल्यै हामीले आफ्नो पढाई ।

पढाउन सिकाउनु भएकोमा सुरुमा
धन्यवाद छ हजुरलाई मेरो प्यारो गुरुमा ।



काजल पौडेल

कक्षा-३

# वक्तृत्वकलामा जेनिथकी अभिप्सा प्रथम

समाज संवाददाता

हेटौंडाः कक्षा ११-१२ स्तरीय वक्तृत्वकला प्रतियोगितामा जेनिथ इन्टरनेशनल माविकी छात्रा अभिप्सा पौडेल प्रथम भएकी छिन् । ११४ औं अन्तराष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा जिल्ला अदालत बार एसोसिएसन मकवानपुर र गैरसरकारी संस्था महासंघ नेपाल जिल्ला शाखा मकवानपुरको संयुक्त आयोजनामा भएको वक्तृत्वकलामा पौडेल प्रथम भएकी हुन् ।

नेतृत्वमा महिलाको अधिकार, अवसर र चुनौती विषयक वक्तृत्वकला प्रतियोगितामा आधुनिक राष्ट्रिय माविका धिरज यादव द्वितीय भएका छन् । नारायणी कलेजकी छात्रा साक्षी भुजेल तृतीय र मकवानपुर बहुमुखी क्याम्पसकी शर्मिला उप्रेती सान्त्वना भइन् । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगिताका सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

प्रतियोगितामा ६ विद्यालयका ११ जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । जेनिथ इन्टरनेशनल मावि, नारायणी कलेज, आधुनिक राष्ट्रिय मावि, मकवानपुर बहुमुखी क्याम्पस, जनज्योति मावि र जनप्रिय माविले प्रतियोगितामा सहभागिता जनाएका थिए । वक्तृत्वकला प्रतियोगितामा अनिता न्यौपाने, कृष्णप्रसाद पोखरेल, विशाल अधिकारीले निर्णायकको भूमिका निर्वाह गरेका थिए ।

हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडा अध्यक्ष जुना दाहालको प्रमुख आतिथ्य एवम् गैरसरकारी संस्था महासंघ नेपाल जिल्ला शाखा मकवानपुर अध्यक्ष रमिला सापकोटाको सभाध्यक्षतामा कार्यक्रम भएको हो । कार्यक्रममा बुद्धशरण लामा, अधिवक्ता अप्सरा बस्नेत, रामचन्द्र न्यौपाने, सन्तोष पौडेल, कुमारी वाइवा, सर्मिला श्रेष्ठ, मन लामा, शिवा दोवकोटा, प्रमिला केसी, पार्वती चौलागाई, गोकर्ण तिवारीलगायतको सहभागिता रहेको थियो ।

## श्री मालपोत कार्यालय मकवानपुरबाट मिति: २०८०/११/२३ मा जारी भाएको संसोधन सम्बन्धी

## हकदावीको ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदक/जग्गाधनी: रामकृष्ण अर्याल

**संसोधन गरी पुर्जाको प्रतिलिपी सम्बन्धी आदेश**

यसमा जिल्ला मकवानपुर मनहरी गाउँपालिका ७ नंवर वडा वस्ने ज.ध. रामकृष्ण अर्यालले मेरो तपसिलको जग्गाको श्रेस्तामा तपसिलको विवरण फरक पर कोले सोलाई संसोधन गरी तपसिलमा उल्लेख भए अनुसार कायम गरी पुर्जाको प्रतिलिपी समेत पाउँ भनी कार्यालयमा मनहरी गाउँपालिका ७ नंवर वडा कार्यालयको च.नं. १९४१/२०८०/११/१४ को सिफारिस, वडा सर्जमिन मुचुल्का संलग्न राखी द.नं. १८६६० मिति २०८०/११/१४ मा कार्यालयमा निवेदन पेश गर्नु भएको,

**तपसिल**

१. जग्गाको विवरण

| क्रस. | गाविस | वडा नं. | कि.नं. | क्षेत्रफल | कै. |
|---|---|---|---|---|---|
| १ | मनहरी | ६ | ४०६ | ०-१-० | |

१. भएको र संसोधन हुनु पर्ने विवरण

| क्र.स. | भएको विवरण | हुनुपर्ने विवरण | कै. |
|---|---|---|---|
| १ | जग्गाधनिको नाम-रामकृष्ण अर्याल<br>ठेगाना-ठिंगन<br>बाबुको नाम-०<br>बाजेको नाम-०<br>ना.प्र.प.नं-उल्लेख नभएको | जग्गा धनिको नाम-रामकृष्ण अर्याल<br>ठेगाना-मनहरी गाउँपालिका वडा नं.-७<br>बाबुको नाम-यम बहादुर अर्याल<br>बाजेको नाम-नर बहादर अर्याल<br>ना.प्र.प.न-३८५२ जारी मिति:-<br>२०४६/०३/३० | |
| | फोटो टाँस- नभएको | फोटो टाँस-सिफारिसमा टाँस भए बमोजिम | |

मिसिल संल कागजात तथा वडा कार्यलयको सिफारिसको अध्ययन गर्दा जग्गाधनीको बाबु र बाजेको नाम, नागरिकता प्रमाणपत्र नंवर तथा फोटो टाँस श्रेष्ता पुर्जामा नभएको तथा ठेगाना जिल्ला मकवानपुर ठिंगन गाविस देखिएकोले निजले मागदावी गरे बमोजिम कायम गर्ने सम्बन्धमा हकदाबी सम्बन्धी ३५ (पैतीस)दिने सार्वजनिक सूचना राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकासित गरी सूचना टाँसको जानकारी तथा सूचना प्रकासित भएको पत्रिका प्राप्त भई म्याद भूक्तान भए पछी पेश गर्नु भनी कार्यालयबाट भएको मिति २०८०/११/२३ को आदेश बमोजिम यो पैंतीस दिने सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अतः निवेदकको माग दावी सत्य नभई झुठा भए वा ज.ध.नै अरु कोही भए वा उल्लेखित जग्गाको जग्गाधनि विवरण निवेदकको मागदावी बमोजिम संसोधन भई पुर्जाको प्रतिलिपी दिइएमा अरू कसैको कानुनी हक अधिकारमा वा कुनै सरकारी, सार्वजनिक, सामुदायिक, व्यक्तिगत वा अन्य जग्गा तथा संरचनामा प्रतिकुल असर पर्ने भए वा उल्लेखित जग्गामा निवेदकको हकभोग नभइ अन्य कोहि कसैको हकभोग भएको भए वा निवेदकको माग बमोजिम संसोधन गरी पुर्जाको प्रतिलिपी उपलब्ध गर्न/गराउन नहुने कुनै कारण भए यो सूचना प्रकासित/जारी भएको मितिले पैंतीस दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको मागदावी अनुसार भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

# हेटौंडा भेट्रान्स कपको सेमिफाइनल समीकरण पूरा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी नवौं संस्करणको हेटौंडा भेट्रान्स कप ८ ए साइड फुटबल प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको छ। बिहीबार क्वाटर फाइनल चरणका खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो ।

हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको खेलमा हेटौंडाको पशुपति भेट्रान्सलाई टाइब्रेकरमा ३-१ गोलले पराजित गर्दै पोखराको एबीसी भेट्रान्स सेमिफाइनलमा प्रवेश गरेको छ। निर्धारित खेल समय १-१ गोलको बराबरीपछि खेल टाइब्रेकरमा धकेलिएको थियो । खेलको म्यान अफ द म्याच एबीसीका गोलरक्षक सूर्य शर्मा तिमल्सिना घोषित भए। उनले टाइब्रेकरमा एक प्रहार बचाए ।

यस्तै, आयोजक हेटौंडा भेट्रान्स बी लाई २-० गोलले पराजित गर्दै किङ कम भेट्रान्स सेमिफाइनल प्रवेश गरेको छ । खेलको म्यान अफ द म्याच किङका विपिन शाह घोषित भए । पोखराको बगरभाइ खलक प्रतियोगिताको सेमिफाइनल प्रवेश गरेको छ । काठमाडौं क्रिकर्सलाई २-० गोलले पराजित गर्दै बगरभाइ सेमिफाइनलमा प्रवेश गरेको हो । खेलको म्यान अफ द म्याच बगरभाइका धनकुमार गुरुङ घोषित भए । बिहीबारको पहिलो खेलमा आयोजक हेटौंडा भेट्रान्स ए लाई ३-२ गोलले पराजित गर्दै पोखराको बगर भाइ खलक क्वाटरफाइनमा प्रवेश गरेको थियो ।

यसअघि बुधबार भएको पहिलो क्वाटरफाइनल खेलमा चितवन भेट्रान्सलाई पराजित गर्दै बानेश्वर फ्रेन्स भेट्रान्स सेमिफाइनल प्रवेश गरिसकेको छ । प्रतियोगिताअन्तर्गत् आज शुक्रबार सेमिफाइनलका दुई खेल हुने फोर्थ अफिसियल प्रदीप पराजुलीले जानकारी दिनुभयो। शुक्रबारको पहिलो सेमिफाइनल खेलमा एबीसी भेट्रान्स र किङ कम भेट्रान्सबीच प्रतिस्पर्धा हुनेछ। खेल दिउँसो १ बजे सुरु हुनेछ। यस्तै, दोस्रो सेमिफाइनलमा बगरभाइ खलक र बानेश्वर फ्रेन्स भेट्रान्सबीच प्रतिस्पर्धा हुनेछ। खेल दिउँसो २ बजे सुरु हुनेछ ।

प्रतियोगिताको फाइनल खेल शनिबार हुनेछ। प्रतियोगिताको विजताले १ लाख ११ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ५५ हजार रुपैयाँ प्राप्त गर्नेछ ।

## झापासँग मकवानपुर पराजित

समाज संवाददाता

हेटौंडाः झापामा जारी छैठौं संस्करणको झापा गोल्डकप फुटबल प्रतियोगिता एन्फा मकवानपुर पराजित भएको छ । बिहीबार बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा भएको खेलमा मकवानपुर झापा-११ सँग ५-१ गोलले पराजित भएको हो ।

पराजित भएसँगै मकवानपुर प्रतियोगिताबाट बाहिरिएको छ । विजयी झापा भने सेमिफाइनलमा प्रवेश गरेको छ। अब झापाले फाइनल प्रवेशका लागि शनिबार चर्च ब्वाइजसँग प्रतिस्पर्धा गर्नेछ। प्रतियोगिताको फाइनल खेल आगामी सोमबार हुनेछ । प्रतियोगिताको विजेता टिमले १३ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले ७ लाख रुपैयाँ प्राप्त गर्नेछ ।

## भारतीय क्लबलाई हराउँदै हेटौंडा फुटबल एकेडेमी विजयी

समाज संवाददाता

हेटौंडाः सिराहामा जारी शहीद हेमानारायण गोल्डकप फुटबल प्रतियोगितामा मकवानपुरको हेटौंडा फुटबल एकेडेमीले विजयी सुरुवात गरेको छ । बिहीबार भएको खेलमा भारत, बनारसको माँ कामाख्या स्पोर्टस् क्लबलाई २-१ गोलले पराजित गर्दै हेटौंडाले विजयी सुरुवात गरेको एकेडेमीका अध्यक्ष एवम् प्रशिक्षक भीम लामाले जानकारी दिनुभयो ।

हेटौंडाको जीतमा निरज ठकुरी र दिवस श्रेष्ठले एक-एक गोल गरे। खेलको म्यान अफ द म्याच श्रेष्ठ घोषित भए । विजयी हेटौंडा फुटबल एकेडेमी प्रतियोगिताको क्वाटरफाइनलमा प्रवेश गरेको छ। हेटौंडाले अब क्वाटरफाइनलमा शनिबार आयोजक सलहेस युवा क्लब (रातो) सँग प्रतिस्पर्धा गर्नेछ ।

प्रतियोगिताको फाइनल खेल फागुन ३० गते हुनेछ । प्रतियोगिताको विजेता टिमले २ लाख ७१ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १ लाख ३५ हजार रुपैयाँ प्राप्त गर्नेछ ।

# स्वतन्त्र पत्रकार संघ कास्कीमा रानाभाट, रजनीलाई सम्मान




*नवनिर्वाचित अध्यक्ष कृष्ण बहादुर रानाभाट प्रतिवद्धता व्यक्त गर्नुहुँदै ।*

समाज संवाददाता

पोखरा (कास्की): स्वतन्त्र पत्रकार संघ कास्की शाखाको अध्यक्षमा कृष्ण बहादुर रानाभाट निर्वाचित हुनुभएको छ । बिहिबार जिल्ला समन्वय समिति (जिसस) कास्कीको सभाहलमा भएको १२औं वार्षिक साधारणसभा तथा छैठौं अधिवेशनले रानाभाटको अध्यक्षतामा सर्वसम्मत नयाँ समिति चयन गरेको हो । साधारणसभाको अवसरमा पत्रकार रजनी तामाङलाई नगद १० हजार रुपैयाँसहित पत्रकार महिला सम्मान प्रदान गरिएको छ ।

अधिवेशनबाट उपाध्यक्षमा डिल्लीराम (डिआर) काफ्ले, सचिवमा रजनी तामाङ, कोषाध्यक्षमा राधा ढकाल निर्वाचित हुनुभएको छ । यस्तै सदस्यमा गणेश बज्र लामा, अल्चना श्रेष्ठ, रोशन केसी र शिविर पौडेल निर्वाचित हुनुभएको छ । स्वतन्त्र पत्रकार संघ कास्कीका निवर्तमान अध्यक्ष असफल गौतमको अध्यक्षता तथा वरिष्ठ अधिवक्ता तिलक पराजुलीको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन कार्यक्रम भएको थियो। कार्यक्रममा स्वतन्त्र पत्रकार संघको केन्द्रीय समिति अध्यक्ष कृष्णप्रसाद बास्तोला, उपमहासचिव सुरेश श्रेष्ठ र कल्याण पन्त, नेपाल पत्रकार महासंघ कास्कीका संस्थापक अध्यक्ष उमाकान्त शर्मा, जिल्ला समन्वय समिति कास्कीका प्रमुख नवराज बरालको पनि आतिथ्य रहेको थियो ।

साधारणसभाको उद्घाटन समारोहलाई सम्बोधन गर्ने वक्ताहरुले स्वतन्त्र पत्रकारिताको महत्वका बारेमा चर्चा गरेका थिए। पत्रकारिता निश्पक्ष र स्वतन्त्र हुनुपर्ने, दलसम्बद्ध संगठन र पत्रकारिताले जनविश्वास आर्जन गर्न नसक्ने र सरकारको निरन्तर पहरेदारीमा स्वतन्त्र पत्रकारिताको आवश्यकता औँल्याइएको थियो । अधिवेशनबाट नवनिर्वाचित अध्यक्ष कृष्ण बहादुर रानाभाटले अग्रजको मार्गनिर्देश र कार्यसमितिको सामूहिक प्रयासमा स्वतन्त्र र निश्पक्ष पत्रकारिताको विकासमा काम गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको छ ।

## मियाँको अध्यक्षतामा कुस्ती संघ गठन

समाज संवाददाता

हेटौंडा/मकवानपुरमा नेपाल कुस्ती संघको जिल्ला कार्य समिति गठन भएको छ। जुनेजु मियाँको अध्यक्षतामा बिहीबार हेटौंडामा ७ सदस्यीय कार्यसमिति गठन भएको हो ।

समितिको उपाध्यक्ष प्रकाश सुवेदी, सचिव अलि हुसेन मियाँ धुनियाँ, कोषाध्यक्ष अल्लाउदिन अन्सारी, सदस्यहरुमा जयस मियाँ, अन्जली श्रेष्ठ र अदाम हुसेन चयन भएका छन् । समितिको सल्लाहकारमा पूर्णभक्त लामा चयन भएका छन् । नेपाल कुस्ती संघका केन्द्रीय कोषाध्यक्ष जब्स मियाँको प्रमुख आतिथ्य, संघका केन्द्रीय सदस्य सानु लामाको विषेश आतिथ्य तथा जिल्ला खेलकुद विकास समितिका अध्यक्ष भेष खड्कीको रोहबरमा समिति गठन गरिएको हो । संघले जिल्लामा कुस्तीको खेलाडी उत्पादन र प्रशिक्षणको कार्य अघि बढाउने समितिका अध्यक्ष मियाँले बताए।

## क्याम्पसस्तरीय टी-२० क्रिकेट प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडामा फागुन २६ गतेदेखि स्वर्गीय अष्टकुमारी शाक्यको स्मृतिमा क्याम्पसस्तरीय टी-२० क्रिकेट प्रतियोगिता हुने भएको छ । जेसीआई हेटौंडाको आयोजनामा यही फागुन २६ गतेदेखि २९ गतेसम्म अन्तर क्याम्पसस्तरीय टी-२० क्रिकेट प्रतियोगिता हुने भएको हो ।

बिहीबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै जेसीआई हेटौंडा वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठले प्रतियोगिताको बारेमा जानकारी दिनुभएको छ । जेसीआई हेटौंडाको वर्ष सन् १९९२ का अध्यक्ष पूर्ण शाक्यको आमा अष्टकुमारीको स्मृतिमा सन् १९९८ बाट प्रतियोगिताको आयोजना गर्न लागेको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

हेटौंडा-५ स्थित हुप्रचौरमा हुने प्रतियोगिताको उद्घाटन खेलमा हेटौंडा-५ स्थित हेटौंडा सिटी कलेज र हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टबीच प्रतिस्पर्धा हुनेछ । लिग कम नकआउट प्रणालीमा सञ्चालन हुने प्रतियोगितामा मकवानपुर जिल्लाको नारायणी कलेज, बारा जिल्लाको सिमरा क्याम्पस, पर्सा जिल्लाको नेशनल इन्फोटेक र चितवनको कलेजको सहभागिता रहने उहाँले बताउनुभयो ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५० हजार रुपैयाँ र उपविजेता टिमले २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्। यस्तै, विधागततर्फ उत्कृष्ट ब्याट्स म्यान र उत्कृष्ट बलरलाई पनि ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिनेछ। प्रतियोगिता आयोजनाका लागि विभिन्न ठाउँहरुबाट सहयोग प्राप्त हुने जनाइएको छ। प्रतियोगिता आयोजनाका लागि करिब ४ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

# ५ दिने शिविरबाट ४ सय ६६ जना लाभान्वीत

समाज संवाददाता

हेटौंडाः मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाको विभिन्न वडामा ५ दिनसम्म भएको स्वास्थ्य शिविरबाट ४ सय ६६ जना लाभान्वीत भएका छन् । गाउँपालिकाले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा महिलाहरुका लागि स्वास्थ्य शिविरको आयोजना गरेको गाउँपालिकाकी पब्लिक हेल्थ नर्स सृष्टि राना मगरले जानकारी दिनुभयो ।

शिविरमा गर्भवती महिलाहरु र ३० देखि ६० वर्षसम्मका महिलाहरुको स्वास्थ्य परीक्षण गरिएको थियो । शिविरबाट महिलालाई पाठेघर खस्ने, पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सरको जाँचको सेवा प्रदान गरिएको थियो । यस्तै, महिलाहरुलाई बाँझोपनाको परामर्श, अब्स्टेट्रिक फिस्टुलाको जाँच, पाठेघरको संक्रमणको जाँच र गर्भवती महिलाहरुलाई गर्भजाँचका साथै ग्रामीण भिडियो एक्स-रेको सेवा समेत दिइएको थियो ।

पहिलो दिन आइतबार चखेलको चन्द्रगढी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा भएको शिविरमा ७९ जनाले जाँच गराएका थिए । सोमबार मार्खुको मार्खु स्वास्थ्य चौकीमा भएको शिविरमा ७९ जनाले जाँच गराएका राना मगरले बताउनुभयो। मंगलबार फाखेल स्वास्थ्य चौकीमा भएको शिविरमा ६३ जना, बुधबार सिस्नेरी स्वास्थ्य चौकीमा भएको शिविरमा ९७ जना र बिहीबार कुलेखानी स्वास्थ्य चौकीमा भएको शिविरमा एक सय ४८ जनाले स्वास्थ्य जाँच गराएका हुन्। गाउँपालिकाले शिविरमा ३ सयभन्दा बढीको स्वास्थ्य जाँच गर्ने लक्ष्य राखेको थियो ।

# प्रदेशस्तरीय प्रतियोगिताबाट मकवानपुरका सापकोटा छनोट

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशस्तरीय छनोट प्रतियोगिताबाट एथ्लेटिक्सतर्फ १ सय मिटर दौडमा द्वितीय हुँदै मकवानपुरको बकैया गाउँपालिकाका जिकेश सापकोटा राष्ट्रिस्तरको प्रतियोगिताका लागि छनोट भएका छन्। बिहीबार काठमाडौंको दशरथ रंगशालामा भएको प्रदेशस्तरीय छनोट प्रतियोगितामा ११ मिनेट ५० सेकेन्डमा १ सय मिटर दौड पूरा गरेर द्वितीय हुँदै राष्ट्रियस्तरको प्रतियोगिताको छनोटमा पर्न सफल भएका हुन् । सापकोटाले अब राष्ट्रियस्तरको प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् ।

सापकोटा पालिकास्तरीय प्रतियोगिताबाट जिल्लास्तरीय हुँदै प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड सहभागी भएका थिए । जिल्ला खेलकुदक विकास समितिको नेतृत्वमा करिब १ साताको बन्द प्रशिक्षणमा सहभागी भएका सापकोटाले प्रदेशस्तरीय प्रतियोगितामा ललितपुरका प्रविन राना मगरलाई पछि पार्दै द्वितीय हुन सफल भएका हुन् ।

१४ औं संस्करणको प्रदेशस्तरीय राष्ट्रिपति रनिङ शिल्ड प्रतियोगितामा मकवानपुरको प्रतिनिधित्व गरेका सापकोटाले १ सय मिटर दौडमा स्वर्ण र २ सय मिटरको दौडमा रजत पदक प्राप्त गर्न सफल भएका हुन्। प्रशिक्षक रञ्जिता फुँयालले सापकोटा छनोटमा पर्न सफल भएकोमा खुशी व्यक्त गर्नुभएको छ ।

# हार्दिक समवेदना



जन्मः २००२/१०/०१ — स्व. बद्रिलाल श्रेष्ठ — स्वर्गारोहणः २०८०/११/१५

हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रशासन प्रमुख आदरणीय कृष्णगोपाल श्रेष्ठका पुजनीय बुबा **बद्रिलाल श्रेष्ठ**को निधनको खबर ले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अमुल श्रेष्ठ, अध्यक्ष**
**एवम् आल्मुनाई एसोसिएसन परिवार**
**हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेस**
**हेटौंडा, मकवानपुर**

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ